## बागमती प्रदेश सरकार
# संस्कृति तथा पर्यटन मन्त्रालय
### हेटौंडा, नेपाल

## सार्वजनिक सूचना

नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७५/१२/०४ को निर्णय, सम्मानित उच्चअदालत पाटनको मिति २०७८/०८/२९ को फैसला अनुसार काठमाडौं जिल्ला चन्द्रागिरि नगरपालिका वडा नं. ३, ४ र ७ मा अवस्थित त्रिभुवन पार्क (शहिद स्मारक प्रकृति प्रतिष्ठान) बागमती प्रदेश सरकारको व्यवस्थापन जिम्मामा आएको एवं बागमती प्रदेश सरकार (मन्त्रीपरिषद्) को मिति २०८१/०२/०२ को बैठकले उक्त पार्कको व्यवस्थापन गर्ने जिम्मेवारी बागमती प्रदेश सरकार संस्कृति तथा पर्यटन मन्त्रालयलाई तोक्ने निर्णय गरेको छ। मन्त्रालयले यस अघि पनि थानकोट त्रिभुवन पार्कमा रहेका सम्पत्तिको उचित संरक्षण र सम्बर्द्धन गर्ने सम्बन्धमा विभिन्न निकाय तथा सरोकारवालाहरुलाई अवगत गराउदै आएको छ। सोही सन्दर्भमा पार्कको क्षेत्र भित्र यस मन्त्रालयको अनुमति बिना अनधिकृत रुपमा संरचना बनाउदै गरेको तथा पार्कको जग्गा हिनामिना तथा अतिक्रमण भइरहेको भनि जनगुनासो आएको हुँदा, त्यस प्रकारको कुनै पनि अवैध संरचना निर्माण गर्न लागिएको भए, सो कार्य तत्काल नगर्न तथा नगराउनहुन सम्पूर्ण सरोकारवालाहरुलाई यसै सूचना मार्फत जानकारी गराइन्छ। यस मन्त्रालयको अनुमति बेगर कोही कसैबाट माथि उल्लेखित किसिमका गतिविधिहरु भएको वा हुन गएमा कानून अनुसार सजायको भागिदार स्वयमनै हुने तथा कानून अनुसार क्षतिपूर्ति समेत असुलउपर गरिने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ।

**प्रदेश सचिव**